BHOKO GHAR

Kirtipur Rangamanch, Theatre Mall, Kirtipur
1:00 p.m. | 26th Feb

नाटकका बारे

एकै परिधिमा रुमलिरहने वा रुमलिरहन बाध्य हुने मध्यम वर्गीय सोच र आर्थिक सङ्कटले जन्माउने पारिवारिक समस्या नाटकमा देख्न सकिन्छ । यहाँ मध्यमवर्गको आवश्यकता छ, सपना छ, महत्वकाङ्क्षा छ अनि समस्या र दुर्घटना पनि छ ।

अभावसँग हार खाएर इमान्दारिता गुमाएपछि बर्खास्तीमा परेको नरबहादुरले पारिवारिक प्रतिष्ठा जोगाउन र आर्थिक अवस्था सुधार्न विभिन्न योजनाहरु बुनिरहन्छन् । पहिलकै रवाफ चाहने उनकी श्रीमती मन्दिरा मिष्ठान्न भोजनको कल्पना गरिरहन्छिन् । विश्वविद्यालयको डिग्री लिएका बेरोजगार छोरा राजेन्द्र समाजवादको चिरफारमा लागे का छन् । छोरी सरिता आफूलाई दन्त्यकथाको राजकुमार िको रूपमा कल्पना गर्छिन् र अनेकन कथा बुनिरहन्छिन्। यी सबै कल्पना, चाहना, योजना र विश्वास टंकमानको प्रवेशले चकनाचुर बनाइदिन्छ । सहयोगको नाममा ऋण दिएर ब्याजको स्याज उठाउने टंकमान यस्तो प्रतिनिधि हो, जो वर्तमान समाजको 'बैंकिङ एटिच्युड'को प्रतिरूप पनि हुन सक्छ ।

BHOKO GHAR

The play 'Bhoko Ghar' portrays the condition of a middle-class family. Their dreams, ambitions and also their problems and accidents will be staged. Narabahadur, the central character always design idea to get out of scarcity.

At the same time Mandira, Narabahadur's wife, is in absolute disappointment as his ideas never worked out. All she can think and talk about is good food. Their son Rajendra is a sociology-enthusiast has been theorizing the cause of their poverty. Sarita, the daughter, is in her own world of fairytale, where she imagines herself as a princess.

As soon as Tankaman enters, the play takes a turn. He acts as a well-wisher of the family, to whom they are in debt. In real he is one, creating conspiracy like a monster.

Playwright: Govinda Bahadur Malla 'Gothale'

Director: Kedar Shrestha

Group: Theatre Mall

Language: Nepali

Duration: 65 minutes

CAST & CREW

On Stage	
Nar Bahadur	Aakash Magar
Mandira	Shanti Giri
Rajendra	Sudam Ck
Sarita	Sanjita Sanji
Tankamaan	Abhaya Baral
Off Stage	
Set Construction	Ramsharan Regmi
	Suresh Karki
Art Coordination	Sujita Maharjan
	Suman Maharjan
Light Coordination	Jiban Baral
Shadow play	Shaurav Neupane
	Amrita Khanal
Choreograph	Shusma Koirala
	Shaurav Neupane
Video	Prasun Sindhuliye
Video Edit	Devendra Gurung
Sound Design	Dev Neupane
Sound Operate	Sabeer Churaute
Management	Arjun Poudel
	Ganesh Poudel
	Usha Bhandari
	Arun Poudel
	Nhuj Maharjan
	Shiva Pariyar
Stage Managment	Shankar Bhandari
	Anuja Adhikari

Contact Details:

Theatre Mall, Kirtipur Rangamanch
Rarahill Nagar, Kirtipur, Kathmandu
977-9803949580
theatremallnepal@gmail.com
www.theatremallnepal.com

कागजपत्र
चैत्र ८

Nepal International Theatre Festival 2019
Theatre for social transformation: An artistic voyage
Feb 25th - March 3rd | nitfest.org

Nepal
Afghanistan
Bangladesh
Denmark
India
Italy
Macedonia
Norway

नाटककार

नेपाली साहित्यलाई सात दशक समय दिएका गोविन्दबहादुर मल्ल 'गोठाले (१९७९-२०६७ साल) ले नेपाली भाषा-साहित्यका विविध विधामा खास गरेर कथा, नाटक र उपन्यासमा उच्च दर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरेका छन् ।

नेपाली साहित्यमा खासगरी मनोविश्लेषणात्मक धाराभित्र केन्द्रित रही गद्य साहित्यको सिर्जना गर्ने गोठालेलाई तीन विधाका पहिलो आधुनिक प्रयोक्ता पनि मानिन्छ । उनी 'शारदा' का सम्पादक र जोरगणेश प्रेसका निर्देशक हुँदै नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य, प्रेस काउन्सिलका सदस्य, निर्वाचन आयोगका सदस्य, नेपाल लेखक सङ्घका अध्यक्ष समेत भएका थिए । उनी नेपालको पहिलो दैनिक अखबार 'आवाज' को प्रधान सम्पादकसमेत भएका थिए । मल्लका दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् ।

समूह बारे

रङ्गकर्मलाई पृथक र स्वतन्त्र पेशाका रूपमा स्थापित गर्ने दौरानमा 'थिएटर मल' स्थापना भएको हो । थिएटर मललाई सिर्जनशील युवा रङ्गकर्मीको काम गर्ने थलोको रूपमा युवा रङ्गकर्मीहरू आफैले स्थापना गरेको हो । छोटो समयमा आफ्ना नाट्य प्रस्तुतिमार्फत स्थापित यस संस्थाले छोटै समयमा दुर्घटना पनि भोग्न पुग्यो र नाटकघर बन्द गर्न बाध्य भयो । आफ्नै नाटकघर नहुँदा पनि निरन्तर रङ्गमञ्चमा रहँदै पुन: नाटकघर 'कीर्तिपुर रङ्गमञ्च' सहित थिएटर मल रङ्गमञ्चको संस्कृति विकासमा कटिबद्ध छ । यस नाटकघरलाई कला र संस्कृतिको घरको रूपमा स्थापित गर्ने उद्देश्यसाथ 'थिएटर मल: हाउस अफ आर्ट एन्ड कल्चर' को नाम दिएर कला, साहित्यका विविध विधा र पाटाहरूलाई प्रस्तुत गर्ने, तिनीहरूबारे छलफल र अन्तर्क्रिया गर्ने थलोको रूपमा स्थापित गर्न यो नाटकघर उद्यत छ। बालबालिकाहरूका लागि पनि रङ्गमञ्च स्थापना गर्दै त्यसको विकास तथा प्रबर्द्धन गर्नु हाम्रो अर्को मुख्य उद्देश्य हो । फलस्वरूप थिएटर सेन्टर फर चिल्ड्रेन (टिसीसी नेपाल) थिएटर मलको साथमा छ ।

निर्देशकीय

कला साहित्य सिर्जनाको उमेर भनेको समाजको प्रवृत्ति र व्यवहारको समग्र परिवर्तनमा निर्भर हुँदोरहेछ । समाजको सकारात्मक गतिशीलता चाहँदा यस्ता सिर्जनाहरूको उमेर नलम्बियोस र अरू नयाँ सिर्जनाहरू आउन बाध्यकारी समय बनोस् भन्ने लाग्दोरहेछ ।

विभिन्न राजनीतिक परिवर्तनले सामाजिक प्रवृत्ति र व्यवहार परिवर्तन नगरेपछि वा गर्न नसकेपछि त्यस्ता सिर्जनाहरू जुनसुकै कालखण्डमा पनि सान्दर्भिक हुन्छ । तीस वर्षअघि लेखिएको एकाङ्की नाटक 'भोको घर' गरिरहँदा हामी बाँचिरहेको समय कुरूप प्रवृत्तिको जालोमा जेलिएको महसुसले ऐँठन गराइरहेछ । हाम्रो राजनीतिक परिवर्तनले सामाजिक-आर्थिक स्वरूप किन परिवर्तन गर्न सकेन भनेर प्रश्नहरू खेलिरहन्छन् ।

संवादप्रधान नाटकको संवादको मर्मलाई उही रूपमा कायम राख्दै दृश्यलाई उतार्न बारम्बार पढ्दा नाटकको गहिराईले छोएपछि यो नाटक तयार भएको हो । नाटक दृश्यात्मक विधा भएपनि संवादले इंगित गर्ने दूरदृश्यले मलाई तरंगित गरेको छ । यही तरङ्गले मलाई आफ्नो रङ्गकर्म र समाजप्रति झन् जिम्मेवार बनाएको छ ।